# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ. १ नं. प्रदेश, नेपाल

शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७०३१४

यस पथरी शनिश्चरे नगरपालिकाबाट मिति २०७७/०२/१६ गते ह्युमपाईप खरिद सम्बन्धि प्रकाशित सूचना बमोजिम नगरपालिकामा प्रयाप्त दरभाउपत्र पेश हुन नआएकोले मिति २०७७/०३/११ गतेको निर्णय बमोजिम सात दिनको म्याद दिई पुनः सूचना प्रकाशित गर्ने निर्णय भएको हुँदा पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम रू १०००। नगद ( पछि फिर्ता नहुने गरि) बुझाई खरिद गर्न सकिने छ ।
२) दरभाउपत्र खरिद गर्नको लागि दरभाउपत्र दाताले आ.व.२०७६/०७७ को लागि नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व.२०७५।०७६ को करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गर्नु पर्ने छ ।
३) दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले सात दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
४) दरभाउपत्र भरि सीलवन्दि गरेर यो सूचना प्रकाशन भएको मितिले आठौं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा बुझाउनु पर्ने छ । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।
५) म्याद भित्र दर्ता भएका दरभाउपत्रहरू आठौं दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६) दरभाउपत्र सम्बन्धि सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनिको छाप अनिवार्य लगाएको हुनुपर्ने छ ।
७) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।
८) दरभाउपत्र साथ जमानत बापतको रकम रा.बा.बैंक, शाखा कार्यालय पथरीमा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.२५६००३०३००००००२ मा जम्मा गरि सक्कलै भौचर वा मान्यता प्राप्त बैंकको नियमानुसारको बिडबण्ड पेश गर्न सकिने छ ।
९) दरभाउपत्र फारममा दररेट भर्दा मू.अ. कर सहितको दररेट भर्नु पर्ने छ । अंक र अक्षरको लेखाई फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
१०) यसमा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन. २०६३ तथा सार्वजनिक खरिद नियमवाली, २०६४ र अन्य प्रचलित ऐन, नियमानुसार हुने छ ।
११) यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस नगरपालिकामा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

| सि.नं. | बोलपत्र/दरभाउ पत्र नं. | कामको विवरण | लागत अनुमान भ्याट सहित | धरौटी जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १६/०७६/०७७ | ह्युमपाईप खरिद | ६,००,०००। | १६०००। | |

प्रमुख प्रशासकीय अधिकृत

अम्बिका प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव